# नेपाल सरकार
## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## जिल्ला समन्वय समितिको कार्यालय
### धादिङ

नीलकण्ठ-३, धादिङवेसी

मिति: २०८१/११/२१

## सूचना

**नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिको मिति २०८१/११/२० गतेको बैठकबाट भए गरेको तपसिल बमोजिमको निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धमा (जिल्ला अनुगमन समितिका सदस्यहरु, सबै गाँउपालिका र नगरपालिकाहरु)**

निर्णयहरु :

१. गाउँपालिका वा नगरपालिकाले वातावरणीय अध्ययन प्रतिवेदन अनुरुप नदीजन्य/खानीजन्य पदार्थको स्विकृति दिएको मुख्य कार्यशर्त, सो को स्पष्ट भौगोलिक क्षेत्र, स्वीकृत कूल रकम र परिमाण, दैनिक परिमाण तथा सवारी साधनको दैनिक संख्या सहितको विवरण वेवसाइटबाट सार्वजनिक गर्ने र जिल्ला अनुगमन समितिमा जानकारी गराए पश्चात मात्र काम गर्ने आवश्यक व्यवस्था मिलाउने ।

२. राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना कार्यन्वयनका लागि वा अन्य सरकारी कार्यालयले वातावरणीय अध्ययन प्रतिवेदन अनुरुपका नदीजन्य/खानीजन्य पदार्थको स्वीकृति दिएको मुख्य कार्यशर्त, सो को स्पष्ट भौगोलिक क्षेत्र, स्विकृत कूल रकम र परिमाण, दैनिक परिमाण तथा सवारी साधनको दैनिक संख्या सहितको विवरण वेवसाइटबाट सार्वजनिक गर्ने र जिल्ला अनुगमन समितिमा जानकारी गराए पश्चात मात्र काम गर्ने आवश्यक व्यवस्था मिलाउने ।

३. जिल्ला अनुगमन उप-समितिबाट अनुगमनका क्रममा केही खानीजन्य तथा नदीजन्य उद्योगहरु दर्ता नभई वा उत्खनन् संकलनको अनुमतिपत्र प्राप्त नगरी संचालनमा रहेको भेटिएको सन्दर्भमा त्यस्ता नदिजन्य तथा खानीजन्य उद्योगहरुलाई दर्ता नभई र अनुमतिपत्र प्राप्त नभई संचालन गरेकोमा बन्द गर्ने वा गराउने। साथै उक्त उद्योग मध्ये कानून बमोजिम प्रकृया पुरा गरेमा पुनः संचालन गर्न दिने व्यवस्था गा.पा./न.पा ले मिलाउने ।

४. राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना र अन्य सरकारी आयोजना/ कार्यक्रम कार्यान्वयनका लागी आयोजनाबाट तयार भएको वातावरणीय अध्ययन प्रतिवेदन समेतका आधारमा सोहि आयोजनामा प्रयोग गर्न तोकिएका प्रक्रिया पुरा गरी आवश्यक निर्माण सामग्री स्थानीय तहले प्राथमिकतापूर्वक उपलब्ध हुने व्यवस्था मिलाउने ।

शिव नारायण शाह
सूचना अधिकारी